# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission, Nepal
केन्द्रिय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


राष्ट्रिय मानव अधिकार आयोगको मिति २०७९/३/२८ गते मंगलबार बसेको बैठकबाट देहाय बमोजिम हुने गरी ४ ओटा उजुरीहरु उपर निर्णय भयो ।

| क्र.सं. | उजुरीको संक्षिप्त व्यहोरा | घटना मिति र उजूरी नं. | उजूरीको विषय | आयोगको निर्णय | कैफियत |
|---|---|---|---|---|---|
| १. | कपिलवस्तु जिल्ला, मायादेवी गा.पा. वडा नं. ८ बस्ने बालिका (नाम गोप्य)लाई दिल्ली प्रहरीले भारतको दिल्लीको एक होटलबाट उद्धार गरेको र सोही क्रममा पीडकलाई भारतस्थित दिल्लि प्रहरीले पक्राउ गरी दिल्लीको Patiala House Courts मा अपहरण र यौन शोषण सम्बन्धी मुद्दा चलिरहेको अवस्थामा पीडित बालिकाले मुद्दाको सुनुवाईका क्रममा भारत आवातजावत गर्नुपर्दा र निजको हालको अवस्था समेत जोखिमपूर्ण रहेको आयोगको अनुगमनबाट देखिएको । | सन् २०१८ | मानव बेचबिखनबाट पीडितको अधिकार । | नेपालको परराष्ट्र मन्त्रालय, भारतस्थित नेपाली दूतावास र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई ध्यानाकर्षण गराउने र पीडितलाई ३ लाख क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिश गर्ने । | |
| २ | सिन्धुपाल्चोक जिल्ला, चौतारा नगरपालिका, वडा नं ११ साँगा चोकगढी बस्ने बर्ष १६ की नाबालिका (नाम गोप्य)-१ लाई नजिकको नातेदार महिलाले काठमाण्डौमा जागिर लगाइदिन्छु भनी ललाई फकाई बेचबिखन गर्ने उद्देश्यले काठमाण्डौ पुर्‍याएको । उक्त घटनाका सम्बन्धमा सिन्धुपाल्चोक जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएकोमा प्रहरीबाट कारवाही नभएकोले पीडितले न्याय प्राप्त गर्न बञ्चित भएको भन्ने उजूरी रहेको । | २०७५/३/२१ | मानव बेचबिखनबाट पीडितको अधिकार (न्यायमा पहूच को अधिकार) | जाहेरी दर्ता गरी प्रभावकारी अनुसन्धान गरी आयोगलाई समेत जानकारी गराउन सिन्धुपाल्चोक जिल्ला प्रहरी कार्यालयलाई पत्राचार गर्ने सिफारिश । | |
| ३. | रुपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका वडा नं. ४ बस्ने नाम गोप्य-२ वैदेशिक रोजगारको क्रममा वैदेशिक मुलुक कुवेतमा मानव बेचबिखनमा परी पीडित भएकोले न्याय प्राप्त गरी पाउँ भन्ने उजूरी रहेको । | २०७३/०३/०२ | मानव बेचबिखनबाट पीडितको अधिकार (न्यायमा पहूच को अधिकार) | मानव बेचबिखनका पीडितहरुको अधिकारका सम्बन्धमा नेपाल सरकारलाई नीतिगत सिफारिशहरु गर्ने । | |

का. म. सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission, Nepal

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | रुपन्देही जिल्ला, सिद्वार्थ नगरपालिका वडा नं. १० बस्ने नाम गोप्य-३ बैदेशिक रोजगारको क्रममा वैदेशिक मुलुक ओमनमा मानव बेचबिखनमा परी पीडित भएकोले न्याय प्राप्त गरी पाउँ भन्ने उजूरी रहेको । | २०७१/१०/३० | मानव बेचबिखनबाट पीडितको अधिकार । | मानव बेचबिखनका पीडितहरुको अधिकारका सम्वन्धमा नेपाल सरकारलाई नीतिगत सिफारिशहरु गर्ने । | |

का. मु. सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org